**बैजनाथ गाउँपालिका**

# बैजनाथ राजपत्र

| खण्ड : ०५ | संख्या : ११ | भाग : ०२ | प्रकाशित मिति : २०७८/१२/१४ |
|---|---|---|---|


## शिक्षक सरुवा तथा व्यवस्थापन कार्यविधी, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/११/२५
गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७८/१२/०२

**प्रस्तावनाः**

बैजनाथ गाँउपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको सवलीकरण तथा सुदृढीकरण मार्फत विद्यालयहरुमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गरी प्रत्येक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्दै प्रत्येक वालवालिकामा गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न शिक्षा ऐन २०२८ तथा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधारणा बमोजिम बैजनाथ गाउपालिका क्षेत्रभित्र पूर्व प्राथमिक शिक्षादेखि कक्षा बाहृसम्म सञ्चालित विद्यालयहरुमा आवश्यकताका आधारमा शिक्षक सरुवा तथा व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७७ को दफा ११ को (ज) र बैजनाथ गाँउपालिकाको शिक्षा ऐन, २०७७ को दफा ६५ (७) ले दिएको अधिकार प्रयोग गरी बैजनाथ गाँउकार्यपालिकाबाट शिक्षक सरुवा तथा व्यवस्थापन कार्यविधि २०७८ जारी गरेको छ।

## परिच्छेद– १

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यस कार्यविधिको नाम "शिक्षक सरुवा तथा व्यवस्थापन कार्यविधि २०७८" रहेको छ।

(ख) यो कार्यविधि बैजनाथ गाँउपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयको हकमा लागू हुनेछ ।

(ग) यो कार्यविधि बैजनाथ गाँउपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ

२. विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले बैजनाथ गाउपालिका गाँउ कार्यपालिकाले जारी गरेको शिक्षा ऐन २०७७ लाई वुझाउनेछ । साथै शिक्षा ऐन, २०२८ (संशोधनसहित) समेतलाई वुझाउनेछ ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानवश्रोत विकास केन्द्र सम्झनुपर्छ ।

(ग "गाँउपालिका" भन्नाले बैजनाथ गाँउपालिकालाई सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) सम्झनु पर्छ ।

(ङ) "विद्यालय क्षेत्र विकास योजना" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा सन् २०१६ देखि सन् २०२२ सम्म राष्ट्रिय रूपमा कार्यान्वयन गर्ने गरी स्वीकृत भएको शैक्षिक योजना तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

(च) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

## परिच्छेद–२

३. ऐनको दफा २७ बमोजिम गरिने शिक्षक सरुवा तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको शिक्षक सरुवा तथा व्यवस्थापन समितिको व्यवस्था गरिएको छ |

(क) गाँउपालिका अध्यक्ष - संयोजक

(ख) सामाजिक विकास समितिका संयोजकले तोकको सामाजिक विकास समितिको सदस्य - सदस्य

(ग) शिक्षक महासंघ अध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना - सदस्य

(घ) शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख - सदस्य सचिव

(ङ) शिक्षा समितिका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेको १ जना - सदस्य

४. शिक्षक सरुवा तथा व्यवस्थापनका मापदण्डहरु : गाँउपालिका अन्तर्गतका आधारभूत तथा माध्यमिक विद्यालय व्यवस्थित रुपमा सञ्चालन गर्न प्रत्येक विद्यालयमा कम्तीमा एक वटा सम्बन्धित तहको स्थायी शिक्षक दरबन्दी पुर्याउने उदेश्यले गरिने शिक्षक सरुवा तथा व्यवस्थापनका लागि निम्न मापदण्डहरु तय गरिएको छ

क) आधारभूत र माध्यमिक विद्यालयहरुमा सम्बन्धित तहमा स्थायी, सक्षम र कुशल नेतृत्वदायी भुमिका निर्वाह गर्न सक्ने शिक्षककहरुमध्येबाट जेष्ठता, वरिष्ठता, योग्यता र आवश्यकतालाई मुख्य आधार मानी गाउँपालिकाले प्रत्येक विद्यालयमा कम्तीमा १ जना सम्बन्धित तहको स्थायी शिक्षक अन्य विद्यालयबाट सरुवा गरि व्यवस्थापन गर्न सक्नेछ।

(ख) ४ (क) अनुसार शिक्षक सरुवा तथा व्यवस्थापन गर्दा क्रमिक रुपमा प्राथमिकताका आधारमा सरुवा तथा व्यवस्थापन गर्न सक्नेछ ।

(ग) शिक्षक सरुवा गर्दा शिक्षकको घर पायकलाई आधार बनाइनेछ ।

(घ) शिक्षकहरु कार्यरत रहको विद्यालयबाट सरुवा गर्दा बरिष्ठता र ज्येष्ठतालाई प्राथमिकता दिइनेछ । बरिष्ठ शिक्षक सरुवा हुन नचाहेमा कनिष्ट शिक्षकबाट सरुवा गरि व्यवस्थापन गरिनेछ

(ङ) स्थायी शिक्षक सरुवा गरेपछि सम्बन्धित विद्यालयलाई सोही तहको शिक्षक व्यवस्थापन गर्नका लागि शिक्षक अनुदान कोटा गाउँपालिकाले उपलब्ध गराउनेछ ।

(च) महिला तथा अपाङ्गता भएका शिक्षकको हकमा निजको सहमती बेगर सरुवा गरिनेछैन ।

(छ) क्रमिक रुपमा शिक्षक सरुवा तथा व्यवस्थापन गर्दा विद्यालयको प्राथमिकता निर्धारण गर्ने कार्य शिक्षा समितिले गर्नेछ ।

## परिच्छेद –३

## विविध

१) यस कार्यविधिमा रहेको व्यवस्था कार्यान्वयन गर्न बाधा अडकाउ परेमा अन्तिम निर्णय गर्ने अधिकार बैजनाथ गाउँकार्यपालिकामा रहनेछ ।

२) यस कार्यविधि अन्तरगत भएको व्यवस्था सोही बमोजिम र नभएकाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ

३) यस कार्यविधिमा रहेको प्रावधानहरु प्रचलित संविधान, सङ्घीय, प्रदेश तथा स्थानीय कानूनसँग बाझिएको हकमा यस कार्यविधिका बुँदाहरु बाझिएको हदसम्म स्वतस् निष्क्रिय हुनेछन् ।

आज्ञाले,
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-
घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१